# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या ४, मिति: २०८०/०८/१७

## भाग–२

# भरतपुर महानगर छात्रवृत्ति वितरण मापदण्ड-२०८०

## भरतपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगर छात्रवृत्ति वितरण मापदण्ड-२०८०

मिति २०८०/०८/१७

भरतपुर महानगरपालिका भित्रका सबै बालवालिकाको विद्यालय शिक्षा र प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्न र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले लक्षित समूहका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई महानगरपालिकाको स्रोतबाट प्रदान गरिने छात्रवृत्ति वितरणमा एकरुपता कायम गर्न वाञ्छनीय भएकोले भरतपुर महानगरपालिकाको शिक्षा ऐन २०७५ को दफा ३७ को (ख) ले दिएको अधिकार प्रयोग गरेर यो मापदण्ड तयार गरिएको छ।

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यो मापदण्डको नाम छात्रवृत्ति वितरण मापदण्ड, 2080 रहेको छ।

२) यो मापदण्ड भरतपुर महानगरपालिका क्षेत्रभर लागू हुनेछ।

३) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा**

क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्दछ।

ख) "ऐन" भन्नाले भरतपुर महानगर शिक्षा ऐन,२०७५लाई बुझाउँछ।

ग) "नगर कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

घ) "प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "नगर शिक्षा अधिकारी" भन्नाले भरतपुर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुखलाई सम्झनु पर्दछ।

छ) "विद्यालय" भन्नाले भरतपुर महानगरपालिका सामुदायिक विद्यालयलाई जनाउँछ।

ज) "छात्रवृत्ति" भन्नाले भरतपुर महानगरपालिकाबाट नियमित वा आंशिक

रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई/ शैक्षिक/ प्राविधिक विषया अध्ययन गर्नको लागि तोकिए बमोजिम प्रदान गरिने रकमलाई जनाउनेछ।

झ) "समिति" भन्नाले यस मापदण्ड अनुसार गठित छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्दछ।

ञ) "सम्बन्धित शैक्षिक संस्था" भन्नाले विद्यार्थी अध्ययनरत विद्यालय वा प्राविधिक शिक्षालय वा क्याम्पसलाई सम्झनु पर्दछ।

**३. छात्रवृत्ति वितरणका उद्देश्यः**

१) आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्न महानगरको आन्तरिक स्रोतबाट प्रदान गरिने छात्रवृत्तिलाई परिणाममुखी बनाउने।

२) महानगरको शिक्षा विकास शीर्षक र वडाबाट छात्रवृत्तिका लागि विनियोजित बजेटबाट लक्षित समूहका विद्यार्थी व्यवस्थित एवम् पारदर्शी बनाई छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने।

**४. छात्रवृत्ति व्यवस्थापन समिति**

१) भरतपुर महानगरपालिका / वडाबाट प्रदान गरिने शैक्षिक/ प्राविधिक/ CTEVT छात्रवृत्ति व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहने छ।

क) महानगरपालिकाको नगर प्रमुख – अध्यक्ष

ख) महानगरपालिकाको नगर उपप्रमुख – सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

घ) सामाजिक विकास समितिका संयोजक – सदस्य

ङ) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्ये समितिद्वारा मनोनित एकजना – सदस्य

च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्ये समितिद्वारा मनोनित एकजना – सदस्य

छ) नगर शिक्षा अधिकारी – सदस्य सचिव

२) समितिको बैठक सम्बन्धी मापदण्ड समिति आफैँले तोके बमोजिम हुनेछ।

३) वडाबाट विनियोजन हुने रकमबाट प्रदान गरिने छात्रवृत्तिका लागि वडा शिक्षा समितिले यस मापदण्ड बमोजिम विद्यार्थी छनोट गरी स्वीकृतिका लागि नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ।

## ५. छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१) विनियोजित बजेटको परिधिभित्र दफा ६ का मापदण्डका आधारमा विद्यार्थी छनोट गरी छात्रवृत्ति प्रदान गर्ने। यसरी छात्रवृत्ति प्रदान गर्दा वडाबाट छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी नदोहोरिने गरी वितरण गर्ने ।

२) वडा शिक्षा समितिबाट वडाको बजेटबाट छात्रवृत्ति प्रदान गर्न स्वीकृतिका लागि पेस भएको नामावली यस मापदण्ड बमोजिम भएनभएको जाँच गरी स्वीकृति प्रदान गर्ने।

३) छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

४) महानगरपालिकाबाट वितरण हुने छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अध्ययन गरी नगर कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

५) विद्यार्थीको तह र विषयको प्रकृतिका आधारमा छात्रवृत्तिको रकम निर्धारण गर्ने ।

## ६. छात्रवृत्तिका लागि योग्यता तथा आधारः

१) यस मापदण्ड बमोजिम प्रदान गरिने छात्रवृत्ति देहायअनुसारका लक्षित समूह र विषय अध्ययन गर्ने विद्यार्थीलाई मात्र प्रदान गरिनेछः

क) कक्षा १-१० मा अध्ययनरत अति सिमान्तकृत, लोपोन्मुख, विपन्न, अल्प संख्यक र दलित विद्यार्थी,

ख) सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान मूल विषय अध्ययन गर्ने विपन्न विद्यार्थी,

ग) सामुदायिक विद्यालयबाट SEE परीक्षामा सामेल भई CTEVT का आङ्गिक र टेक्स स्कुलमा Pre-Diploma/Diploma अध्ययन गर्ने विपन्न विद्यार्थी,

घ) विपन्न विद्यार्थीको हकमा अनुसुची-२ बमोजिमको फारामका आधारमा सम्बन्धित वडाबाट विपन्न भनी दिएको सिफारिस पेस गरेको विद्यार्थी,

ङ) सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक उच्च शिक्षामा- *MBBS, BDS, B Perfusion Technology, BAMS, BNS, B Sc. MLT, B.Sc.*

*Medical Microbiology, B.Sc. Medical Biochemistry, B.Sc. MIT, B.Pharma, B.Optometry, BPT, BPH, B.Sc. Nursing, B.Sc. Agriculture, B.V.Sc. & A.H., B.E., B.Sc. CSIT, BIT, B.Tech. Food, B.Sc. Nutrition & Dietetics* विषय अध्ययनरत अपाङ्गता भएका, लोपोन्मुख, अतिसिमान्तकृत, दलित तथा सहिद परिवारका विद्यार्थी।उल्लेखित विषय बाहेक अन्य कुनै प्राविधिक उच्च शिक्षाका विषय समावेश गर्नपर्ने भएमा नगर शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ।

**७. छात्रवृत्ति रकमः**

यस मापदण्ड बमोजिम प्रदान गरिने महानगर छात्रवृत्ति रकम निम्नानुसार हुनेछः

१) भरतपुर महानगरपालिका वा वडाबाट पेस भई प्रत्येक आ.व. मा नगर सभाबाट स्वीकृत बजेटको आधारमा छात्रवृत्ति वितरण हुनेछ।

२) छात्रवृत्तिबापत प्रदान गरिने रकम महानगरपालिका वा वडाबाट स्वीकृत बजेटको परिधि भित्र रही देहायबमोजिम हुनेछः

क) आधारभूत तह र माध्यमिक तह कक्षा १० सम्मको लागि बढीमा वार्षिक रु.३०००।, कक्षा ११-१२ मा विज्ञान विषयको लागि वढीमा वार्षिक रु.१५०००। र CTEVT को प्राविधिक शिक्षा र प्राविधिक उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि वढीमा वार्षिक रू. २००००।– रूपैयाँ।

ख) यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति महानगर र वडाबाट दोहोरो पर्ने गरी छात्रवृत्ति वितरण गरिने छैन।

३) कुनै आर्थिक वर्षमा विनियोजित रकम अपुग हुने भएमा छात्रवृत्ति व्यवस्थापन समितिले बजेटको सीमाभित्र रही दफा ६ बमोजिका विद्यार्थी समूहमध्ये कुनै खास समूहका विद्यार्थीलाई मात्र छात्रवृत्ति प्रदान गर्ने गरी निर्णय गर्न सक्नेछ।

४) दफा ७ (२) (क) बमोजिमको छात्रवृत्ति रकममा पुनर्विचार वा थप गर्न पर्ने भएमा छात्रवृत्ति व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ।

## ८. छात्रवृत्तिका लागि छनोट तथा वितरण प्रक्रिया

१) छात्रवृत्ति व्यवस्थापन समिति वा वडा शिक्षा समितिले कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी छात्रवृत्तिको लागि निवेदन आव्हान गर्नेछ।

२) निवेदक ले छात्रवृत्तिको लागि अनुसूचि १ बमोजिमको ढाँचामा निम्नानुसार कागजात सहित भरतपुर महानगरपालिका वा वडा कार्यालयहरूमा छात्रवृत्तिको लागि निवेदन पेश गर्नु पर्नेछः

क) एस.एल.सी./ एस.इ.इ. तथा कक्षा ११ र १२ वा डिप्लोमा तह वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको मार्कसिट/ ग्रेड सिट र प्रमाण पत्र

ख) भरतपुर महानगरपालिकामा स्थायी बसोबास गरेको प्रमाण, जन्म दर्ता प्रमाणपत्र/नागरिकताको प्रमाणपत्र वा बसाइँसराइको प्रमाणपत्र

ग) सम्बन्धित वडाबाट आर्थिक रुपमा विपन्न भएको सिफारिस पत्र,

घ) एस.एल.सि./एस.इ.इ. सामुदायिक विद्यालयबाट उर्तीण भएको प्रमाण पत्र तथा सिफारिस पत्र,

ङ) अपाङ्गताको हकमा अपाङ्गता परिचय पत्र

च) विश्वविद्यालय, कलेज वा प्राविधिक शिक्षालय वा विद्यालय मा भर्ना गरेको प्रमाण र कलेज वा शिक्षालय मा निरन्तर अध्यनन गरिरहेको पत्र।

३) प्राप्त भएका निवेदन र निवेदकले पेश गरेका कागजातको महानगरमा पेस भएका निवेदनका हकमा शैक्षिक प्रशासन महाशाखाले अध्ययन र जाँचबुझ गरी निर्णयका लागि छात्रवृत्ति व्यस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

४) वडामा पेस भएका निवेदनको हकमा वडा कार्यालयले अध्ययन र जाँचबुझ गरी वडा शिक्षा समितिको सिफारिससहित स्वीकृतिका लागि नगर शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ।

५) पेश भएका निवेदनहरु सम्बन्धित वडा शिक्षा समितिको समितिले मापदण्डमा तोकिएका योग्यता र आधारको अधिनमा रही तोकिएको छात्रवृत्ति कोटा अनुसार वितरण गर्नु पर्नेछ।

(६) छात्रवृत्ति माग गर्ने व्यक्तिले पशे गरेका कागजातहरुको सम्बन्धमा वास्तविकता यकिन गर्न आवश्यक देखिएकमा छात्रवृत्ति व्यवस्थापन समिति तथा वडा शिक्षा समितिले स्थलगत अनुमन गर्न गराउन सक्नेछ।

(७) वडा शिक्षा समितिको निर्णयबाट छनोट भएका विद्यार्थीलाई छात्रवृत्तिबापत तोकिएको रकम सम्बन्धित विद्यार्थीको खातामा निकासा गर्नुपर्नेछ। तर आधारभूत तहका विद्यार्थीको हकमा विद्यालयमार्फत् विद्यार्थीलाई भर्पाई गराई उपलब्ध गराउन सकिनेछ।

(८) भरपाईको प्रतिलिपि वडा कार्यालय वा शैक्षिक प्रशासन महाशाखामा पठाउनु पर्नेछ ।

९. **बाधा अड्काउ फुकाउ -** यस मापदण्डको कार्यान्वयनमा केही बाधा अड्काउ आइ परेमा नगर कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ।

अनुसूचि १

दफा ८ को उपदफा २ संग सम्बन्धित

## छात्रवृत्तिका लागि महानगरपालिका/सम्बन्धित वडा कार्यालयमा दिने निवेदन

मिति-श्रीमान............................ज्यू

..............., चितवन।

**विषय - शैक्षिक/ प्राविधिक छात्रवृत्ति सम्बन्धमा।**

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका वडा नं.................. निवासी श्री..................................................को नाति/नातिनि............................... को छोरा/छोरी म..............................................ले यस महानगरपालिकाबाट प्रदान गरिने छात्रवृत्ति.............संकायको................विद्यालय/शिक्षालय/विश्व विद्यालयको २ डिप्लोमा/ स्नातक तह..........................विद्यालय/कलेज मा अध्ययनको लागि छात्रवृत्ति पाउँ भनि आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु।मैले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | शैक्षिक संस्था | शैक्षिक वर्ष | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |

निवेदकको हस्ताक्षर

नाम-

विद्यालयको नाम

IEMIS कोड नं

ठेगाना-

मोबाइल नं.-

अनुसूचि -२

दफा ६ उपदफा १ (घ) संग सम्बन्धित

## गरीव तथा विपन्न सिफारिस फारम

विद्यार्थीहरूलाई महानगरपालिकाबाट छनौटगरी सिफारिस गरिने छात्रवृत्तिको लागि विपन्न तथा गरिवको सिफारिस प्रयोजनार्थ वडा कार्यालयमा बुझाउने फाराम

१. विद्यालयको नामः

२. विद्यार्थीको नाम (अंग्रेजीमा) :

३. जन्ममितिः  लिङ्गः छात्रा  छात्र  तेस्रो

४. जातजातिः दलित  जनजाति  ब्राह्मण वा क्षेत्री  अन्य

५. शारीरिक सक्षमताः साङ्ग  शारीरिक  मनोसामाजिक  बहिरा
दृष्टिसम्बन्धी  स्वर बोलाई  श्रवण दृष्टिविहीनता  बहुअपाङ्गता

६. विद्यार्थीको सम्पर्क नं.

७. वुवाको नाम, थरः  वुवाको सम्पर्क नं.

८. आमाको नाम, थरः  आमाको सम्पर्क नं.

९. अभिभावकका नाम, थरः  अभिभावकको सम्पर्क नं.

१०. अभिभावकसँगको नाताः ☐ जम्मा परिवार संख्याः ☐

११. दाजुभाइ/दिदीवहिनी मध्येः सामुदायिक विद्यालय जानेः ☐ जना संस्थागत विद्यालय जानेः ☐ जना

विद्यालय नजानेः ☐ जना

१२. बुवाको शैक्षिक योग्यताः निरक्षर ☐ ५ कक्षा वा सो भन्दा कम ☐ एस.इ.इ भन्दा कम ☐

एस.इ.इ उत्तीर्ण ☐ कक्षा १२ उत्तीणः ☐ स्नातक वा माथि ☐

१३. आमाको शैक्षिक योग्यताः निरक्षर ☐ ५ कक्षा वा सो भन्दा कम ☐ एस.इ.इ भन्दा कम ☐

एस.इ.इ उत्तीर्ण ☐ कक्षा १२ उत्तीर्ण ☐ स्नातक वा माथि ☐

१४. अभिभावकको शैक्षिक योग्यताः निरक्षर ☐ ५ कक्षा वा सो भन्दा कम ☐ एस.इ.इ भन्दा कम ☐

एस.इ.इ उत्तीर्ण ☐ कक्षा १२ उत्तीर्ण ☐ स्नातक वा माथि ☐

१५. गरिबीको परिचयपत्र पाएको भएः पहेलोः ☐ हरियो ☐ निलो ☐ रातो ☐

१६. परिवारको मुख्य आयश्रोतः नोकरी ☐ कृषि ☐ भाडा ☐ बदैशिक आय ☐

व्यापार ☐

१७. वार्षिक आम्दानी : ५०,००० वा सोभन्दा कम ☐ ५०,००० भन्दा बढी ☐

१८. बस्ने घरः आफनै ☐ भाडामा ☐

१९. घरको छानाको अवस्था : कच्ची ☐ पक्की ☐

२०. बुबा, आमा र सगोलका परिवारका सदस्यको नाममा रहेको जग्गाको विवरणः विघा ☐ कठ्ठा ☐ धुर ☐

रोपनी ☐ आना ☐ पैसा ☐

२१. इन्टरनेट सेवाः डाटा इन्टरनेट ☐ केवल वा वाईफाइ ☐ इन्टरनेट नै नभएको ☐

२२. वैदेशिक रोजगारबाट एक वर्षमा आम्दानी भएको वा नभएकोः भएको ☐ नभएको ☐

माथी उल्लेखित विवरण सहि साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुला बुझौला ।

अभिभावकको हस्ताक्षरः

अभिभावकको नामः

द्रष्टव्यः यसै फाराममा भरिएको विवरणका आधारमा गरीव तथा विपन्न परिवारको सदस्य भएको प्रमाणित गरिन्छ ।

**सम्बन्धित वडा कार्यालयबाटः**

प्रमाणित गर्नेको नामः

दस्तखतः

---

आज्ञाले,

**नरेन्द्र कुमार राना**

प्रमुख प्रशासकीय अधिकृत